नेपाल सरकार
गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

प्युठान

Website: www.daopyuthan.moha.gov.np
E-Mail:- daopyuthan@moha.gov.np,
daopyuthan2074@gmail.com

फोन नं ०८६-४२००३३
४२०१३३
४२००४८
४२०३२७

पत्र संख्याः- २०८३/०८४
चलानी नंः-

मितिः- २०८३।०८।०९

श्री जिल्लास्थित सरकारी कार्यालयहरु (सबै)
प्युठान।

बिषयः- <u>निर्णय पठाईएको सम्बन्धमा</u>।

प्रस्तुत विषयमा मिति २०८३ मंसिर ०९ गते नि. प्रमुख जिल्ला अधिकारी श्री दशरथ राईज्यूको अध्यक्षतामा बसेको श्रमिकको न्यूनतम दैनिक तथा मासिक पारिश्रमिक दर कार्यान्वयनको लागि जिल्ला दररेट निर्धारण समितिको बैठकको निर्णयको छायाँ प्रति यसै साथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ।

(महेश के.सी.)
प्रशासकीय अधिकृत

निर्णयहरु:

मिति २०८३/०३/२४ गते आर्थिक वर्ष २०८३/०८४ को लागि जिल्ला दररट निर्धारण समितिबाट निर्धारण गरेको निर्णय नं.१ को श्रमिकको ज्याला दरलाई संशोधन गरि "सार्वजनिक खरिदमा आवद्ध श्रमिकको पारिश्रमिक तथा सामाजिक सुरक्षासम्बन्धी कार्यविधि, २०८३" को दफा १६ को उपदफा (१) मा उल्लेख भए अनुसार श्रमिकको न्यूनतम पारिश्रमिक निजको श्रेणी, पेसा र अनुभवका आधारमा सोहि कार्यविधिको अनुसूचि-१ बमोजिम कार्यान्वय गर्ने गरी निर्धारण गर्ने।

अनुसूची—१

(दफा १८ र १९ सँग सम्बन्धित)

न्यूनतम पारिश्रमिक निर्धारणका आधार र दर

१. आधार दर

श्रम ऐन, २०७४ को दफा १०६ बमोजिम नेपाल सरकारले निर्धारण गरी नेपाल राजपत्रमा प्रकाशन गरेको राष्ट्रिय न्यूनतम पारिश्रमिक (दैनिक रु. ७५४/- वा मासिक रु. १९,५५०/-) लाई वैधानिक आधार दर मानिनेछ।

२. निर्धारणका आधार

(क) **श्रमिकको समूह र श्रेणी :** अनुसूची-२ बमोजिमको समूहगत वर्गीकरण (निर्माण एवं फिल्ड श्रमिक श्रेणी १—५, बौद्धिक तथा व्यावसायिक श्रमिक श्रेणी १—६ र उद्योग/कलकारखाना/उत्पादक श्रमिक श्रेणी १—५)।

(ख) पेसा र पदः अनुसूची—२ को बुँदा २ मा उल्लिखित क्षेत्रगत पेसा तथा पदबमोजिम।

पुष्कर सापकोटा

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

३. न्यूनतम दैनिक तथा मासिक पारिश्रमिक दर तालिका

(क) निर्माण/ फिल्ड श्रमिकको न्यूनतम दैनिक पारिश्रमिक दर

निर्माण एवं फिल्ड श्रमिकको श्रेणी र तह	न्यूनतम दैनिक दर	सामाजिक सुरक्षा सार्बजनिक निकाय साझेदारी १०%	रोजगारदाता साझेदारी १० %	कुल दैनिक दर
श्रेणी—१: आधारभूत सहयोगी (अदक्ष) (स्वीपर, कार्यालय सहयोगी आदि)	रु. १,४५०/-	रु. १४५/-	रु. १४५/-	रु. १,७४०/-
श्रेणी—२: आधारभूत कालिगड (अदक्ष)(सुरक्षा गार्ड, हलुका चालक, ज्यामी आदि)	रु. १,६००/-	रु. १६०/-	रु. १६०/-	रु. १,९२०/-
श्रेणी—३: अर्धदक्ष सहयोगी तथा सेवाकर्मी (सुरक्षा गार्ड, हलुका चालक, सहायक मिस्त्री/अपरेटर आदि)	रु. १,७५०/-	रु. १७५/-	रु. १७५/-	रु. २,१००/-
श्रेणी—४: दक्ष कालिगड तथा सहायक सुपरिवेक्षक (डकर्मी, प्लम्बर, मेसिन/कम्प्युटर अपरेटर, गणक आदि)	रु. १,९००/-	रु. १९०/-	रु. १९०/-	रु. २,२८०/-
श्रेणी—५: उच्च दक्ष तथा सुपरिवेक्षक (फोरम्यान, हेभी अपरेटर, सब—इन्जिनियर, आदि)	रु. २,०००/-	रु. २००/-	रु. २००/-	रु. २,४००/-

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

पुष्कर सापकोटा
सचिव

(ख) बौद्धिक तथा व्यावसायिक (Professional) श्रमिकको न्यूनतम पारिश्रमिक दर

Professional श्रमिकको श्रेणी र तह	न्यूनतम दैनिक दर	सामाजिक सुरक्षा सार्वजनिक निकाय साझेदारी १०%	रोजगारदाता साझेदारी १०%	कुल दैनिक दर	कुल मासिक समतुल्य
श्रेणी—१: आधारभूत (प्रशासनिक)	रु. १,७५०/-	रु. १७५/-	रु. १७५/-	रु. २,१००/-	रु. ५४,६००/-
श्रेणी—२: आधारभूत (प्राविधिक)	रु. २४५०/-	रु. २४५/-	रु. २४५/-	रु. २,९४०/-	रु. ७६,४४०/-
श्रेणी—३: विशेषज्ञ (५ वर्षसम्मको अनुभवको हकमा)	रु. ३,८५०/-	रु. ३८५/-	रु. ३८५/-	रु. ४,६२०/-	रु. १,२०,१२०/-
श्रेणी—४: विशेषज्ञ विज्ञ (५ देखि १० वर्षसम्मको अनुभवको हकमा)	रु. ५,२५०/-	रु. ५२५/-	रु. ५२५/-	रु. ६,३००/-	रु. १,६३,८००/-
श्रेणी—५: विशेषज्ञ टिम लिडर (१० देखि १५ वर्षसम्मको अनुभवको हकमा)	रु. ६,६५०/-	रु. ६६५/-	रु. ६६५/-	रु. ७,९८०/-	रु. २,०७,४८०/-
श्रेणी—६: विशेषज्ञ टिम लिडर (१५ वर्षमाथिको अनुभवको हकमा)	रु. ८,४००/-	रु. ८४०/-	रु. ८४०/-	रु. १,००८० /-	रु. २,६२,०८०/-

पुष्कर सापकोटा
सचिव

(ग) **उद्योग, कलकारखाना, विक्रेता वा उत्पादकअन्तर्गतका श्रमिकको न्यूनतम मासिक पारिश्रमिक दर**

उद्योग वा कलकारखाना वा विक्रेता वा उत्पादक अन्तर्गत श्रमिकको श्रेणी र तह	न्यूनतम मासिक दर	सामाजिक सुरक्षा योगदान २०%	जम्मा
श्रेणी—१: आधारभूत सहयोगी (अदक्ष) (स्वीपर, कार्यालय सहयोगी आदि)	रु. २७,१७२/-	रु. ५,४३५ /-	रु. ३२,६०७/-
श्रेणी—२: आधारभूत कालिगड (अदक्ष)(सुरक्षा गार्ड, हलुका चालक, ज्यामी आदि)	रु. ३०,३७३/-	रु. ६,०७५ /-	रु. ३६,४४८/-
श्रेणी—३: अर्धदक्ष सहयोगी तथा सेवाकर्मी (सुरक्षा गार्ड, हलुका चालक, सहायक मिस्त्री/अपरेटर आदि)	रु. ३२,७०१/-	रु. ६,५४१ /-	रु. ३९,२४२/-
श्रेणी—४: दक्ष कालिगड तथा सहायक सुपरीवेक्षक (मेसिन/कम्प्युटर अपरेटर आदि)	रु. ३६,१९२/-	रु. ७,२३९ /-	रु. ४३,४३१/-
श्रेणी—५: उच्च दक्ष तथा सुपरीवेक्षक (फोरम्यान, हेभी अपरेटर, सुपरभाइजर, सब—इन्जिनियर, लेखापाल आदि)	रु. ३८,२०३/-	रु. ७,६४१ /-	रु. ४५,८४४ /-

माथि उल्लिखित न्यूनतम मासिक पारिश्रमिकका अतिरिक्त प्रचलित कानूनबमोजिम सरकारी सेवा सरहका चाडपर्व खर्च, बिदा, भत्ताहरुसमेत रोजगारदाताले श्रमिकलाई उपलब्ध गराउनु पर्नेछ।

पुष्कर सापकोटा
सह

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं